# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यशाला
मिति २०७६ फागुन ४-५

किस्पाङ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
नुवाकोट जिल्ला
बागमती प्रदेश
नेपाल

**१.पृष्ठभूमि :**

किस्पाङ गाउँपालिकाको नामाकरण वडा न. ३ मा रहेको किस्पाङ पोखरीको नाम बाट रहन गएको हो/ तामाङ भाषामा कि भनेको पानी र पाङ भनेको चौर किपाङ बाट अपभ्रंश हुदै किस्पाङ भएको भन्ने भनाई रहेको छ/ किस्पाङ गाउँपालिका नुवाकोट जिल्लाको एक पर्यटकीय सम्भावना बोकेको स्थानीय तह हो/ यस गाउँपालिकाको पूर्वमा रसुवा जिल्लाको उत्तर गया गाउँपालिका, पश्चिममा नुवाकोट जिल्लाको म्यागङ गाउँपालिका, उत्तरमा धादिङ जिल्लाको रुबिभ्याली गाउँपालिका र दक्षिणमा नुवाकोट जिल्लाकै बिदुर नगरपालिका रहेको छ/ समुन्द्र सतह देखि २००० फिट देखि १२००० फिट सम्मको उचाईको भौगोलिक बिबिधता रहेको यस गाउँपालिकाको क्षेत्रफल ८२.५७ वर्ग कि.मी. र जनसंख्या करिब १९८८५ रहेको छ/ करिब ७७ प्रतिशत तामाङ जातीको बसोबास रहेको यस गाउँपालिकामा ब्राह्मण , दलित, घले, गुरुङ, क्षेत्री आदिको मिश्रित बसोबास र संस्कृति रहेको छ/ धर्मको आधारमा करिब ६२ प्रतिशत बौद्ध र ३० प्रतिशत हिन्दुका साथै क्रिस्चियन धर्मालम्बीको पनि उल्लेखनीय उपस्थिति रहेको छ/ करिब ७७ प्रतिशत जनसंख्याले मातृभाषाको रुपमा तामाङ भाषा बोल्ने गर्दछन/ सांस्कृतिक बिबिधताले धनी यस गाउँपालिकामा सामुदायिक सद्भावपूर्ण समाज रहेको छ/

नेपालको संबिधानको प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषीक, धार्मिक, लैंगिक विभेद, र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्दी र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समाबेशी र सहभागितामुलक सिद्दान्तका आधारमा समतामुलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ/ छुवाछुत तथा जातीय भेदभाव बिरुद्दको हक, धार्मिक स्वतन्त्रताको हक, भाषा तथा संस्कृतिको हक, महिला, बालबालिका, दलित आदिको हक, सामाजिक न्यायको हक, जेष्ठ नागरिकको हक, सामाजिक सुरक्षाको हक लगायतका मौलिक हकहरु संबिधानमा ब्यबस्था गरिएको छ/

स्थानीय सरकार संचालन ऐन २०७४ मा लैंगिक समानता तथा सामाजिक समाबेशीकरण (लैससास) सम्बन्धि ब्यबस्था प्रस्ताबनामा नै उल्लेख गरिएको छ/ यसका साथै दफा ११ को गाउँपालिका तथा नगरपालिकाको काम, कर्तब्य र अधिकारको उपदफा (२) (त) मा जेस्ठ नागरिक, अपांगता भएका व्यक्ति र असक्तहरुको ब्यबस्थापन गर्ने जिम्मेवारी अन्तर्गत विभिन्न क्रियाकलापहरु संचालन गर्ने अधिकार प्रदान गरिएको छ भने दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष, उद्देश्य, समयसीमा र प्रक्रिया संग अनुकुलन हुनेगरी सुशासन, बाताबरणमैत्री, बाल मैत्री, जलबायु परिबर्तन अनुकुल, विपद ब्यबस्थापन, लैंगिक तथा सामाजिक समाबेशीकरण अन्तर सम्बन्धित बिषयलाई ध्यान दिनु पर्नेछ भन्ने ब्यबस्था उल्लेख गरिएको छ/ यसै गरि सोहि दफाको उपदफा (३) गाउँपालिका तथा नगरपालिकाले आफ्ना योजना बनाउँदा महिला, बालबालिका तथा पिछडिएका बर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ भनि उल्लेख गरेको छ/ यसै गरि वडा समितिको काम, कर्तब्य र अधिकार अन्तर्गत तथ्यांक अध्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्यांक संकलन, विकास कार्य अन्तर्गत बल बिबाह, बहु बिबाह, लैंगिक हिंसा अन्त्य गर्ने आदि ब्यबस्था गरिएको छ भने स्थानीय तहको योजना तर्जुमा तथा कार्यन्वयन अन्तर्गत योजना तर्जुमा प्रक्रियामा महिला तथा पिछडिएको बर्गको सहभागितामा जोड दिईएको, योजना बनाउँदा महिला, बालबालिका तथा पिछडिएको क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदैं लैससास प्रबर्द्धन गर्ने ब्यबस्था गरिएको छ/

सन् २०१५ को सेप्टेम्बरमा सम्पन्न संयुक्त राष्ट्र संघको साधारण सभाले २०१६ देखि २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो बिकासका १७ वटा लक्ष र १६९ वटा उप लक्षहरु पारित गरेको छ/ सन् २०३० सम्म मा सबै प्रकारको बिभेद हरु उन्मुलन गरी समानता र न्यायमा आधारित समाजको आधार तयार गर्न आबश्यक पर्ने लक्षहरु मध्य लैंगिक समानता पनि लक्ष ५ मा राखिएको छ/ यसका साथै लैंगिक समानता सबै लक्षहरुमा मूलप्रबाहीकरण गरिएको छ/

पन्ध्रौ योजना (आ.व. ०७६/०७७ -०८०/०८१) को आधार पत्रमा लैंगिक समानता तथा महिला सशक्तिकरण, बालबालिका तथा किशोर किशोरी, जेष्ठ नागरिक अपांगता भएका व्यक्ति , सामाजिक सुरक्षा तथा संरक्षण, समाबेशीकरण लगायतका बिषयलाई छुट्टै शिर्षकका रुपमा राखिएको छ/

संबिधान प्रदत्त हक, ऐन, नीति, नियम, कार्यक्रम र अन्तराष्ट्रिय प्रतिबद्धता पुरा गरि बहिस्करण तथा जोखिममा परेका समुदायको विकास सूचकहरु सुधार गरि मुलप्रबाहीकारण गर्न आबश्यक रहेको छ/

यसै सन्दर्भमा पुर्णिमा कार्यक्रमको सहयोगमा स्थानीय तहका कर्मचारी समेतको सहभागितामा लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण कार्यविधि २०७६-को मस्यौदा माथि छलफल गरि स्थानीय तहलाई हस्तान्तरण गरिएको छ /किस्पाङ गाउँपालिकाले आफ्नो ०७६ को ०७७/नीति तथा कार्यक्रममा महिला, बालबालिका, जेष्ठ नागरिक तथा सामाजिक कल्याण बारे छुटै उल्लेख गरि चेतनामुलक प्रचार प्रसार, महिला हिंसा न्यूनीकरणका लागि अभियान संचालन, प्रजनन र बाल अधिकार प्रबर्दन गर्ने तालिम, अपांगमैत्री भौतिक संरचना निर्माणको पहल गर्ने उल्लेख गरिएको छ /

यसै परिबेशमा किस्पाङ गाउँपालिकाले पहिलो पटक मस्यौदा कार्यविधिका आधारमा लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण सम्पन्न गरेको छ/

## २. अध्ययनको महत्व:

नेपालको संबिधान २०७२, स्थानीय सरकार संचालन ऐन -२०७४ मा भएका कानुनी ब्यबस्था र नेपाल सरकार, प्रदेश सरकारको नीति, योजना तथा कार्यक्रम र नेपाल सरकारले गरेका अन्तराष्ट्रिय प्रतिबद्धताहरु दिगो विकास लक्ष, मानव अधिकार महासन्धि, CEDAW, ICERD स्थानीयकरण गरि पुरा गर्न स्थानीय सरकारको महत्वपुर्ण भूमिका रहेको छ/ यसै सन्दर्भमा संघीय मामिला, स्थानीय विकास तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तहको संस्थागत क्षमता स्वमुल्यांकनको सूचक मध्य तथा लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण एउटा सूचक रहेकोले यसको अध्ययनको महत्व रहेको छ/ किस्पाङ गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणको महत्व तपशिल अनुसार उल्लेख गर्न सकिन्छ/

२.१ नेपाल सरकारको कानुनी ब्यबस्था र अन्तराष्ट्रिय प्रतिबद्धतालाई स्थानीयकरण गरि लक्ष पुरा गर्न/

२.२ किस्पाङ गाउँपालिकाको नीति, योजना तथा कार्यक्रम लैससास मैत्री बनाई बंचितिकरण तथा बहिस्करणमा परेका र पारिएका बर्गको समस्या सम्बोधन गरि समृद्व किस्पाङ सुखी किस्पाङबासीको दृष्टिकोण सफल गर्न/

## ३. लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणको उद्देश्यहरु:

३.१ किस्पाङ गाउँपालिकाको नीति, योजना तथा कार्यक्रम लैससासको अवस्था समिक्षा गर्ने/
३.२ किस्पाङ गाउँपालिकाको लैससास परिक्षण सूचकहरुको मूल्यांकन गरि आबश्यक सुधार गर्न कार्ययोजना तयार गर्ने/
३.३ किस्पाङ गाउँपालिकाको स्थानीय तहको संस्थागत क्षमता स्वमुल्यांकन (LISA)को सूचक पुरा गरि संस्थागत क्षमता बृद्धी गर्ने/
३.४ किस्पाङ गाउँपालिकाको नीति, योजना, कार्यक्रम तथा बजेट लैससास मैत्री बनाउन मार्गदर्शन गर्ने/

## ४. अध्ययनको क्षेत्र:

पुर्णिमा कार्यक्रमको सहयोगमा मस्यौदा गरिएको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण कार्यविधि २०७६ अनुसार उल्लेखित बिधि र प्रक्रियाद्वारा किस्पाङ गाउँपालिकाको लैससास परिक्षण अन्तर्गत ८ वटा मुख्य सूचक र ५६ उप सूचकहरुको मुल्यांकन गरिएको/

**५. अध्ययनको बिधि र प्रक्रिया:**

लैंगिक समानता तथा सामाजिक समाबेशीकरण मस्यौदा कार्यविधि २०७६ अनुसार निम्नानुसारको बिधि र प्रक्रियाबाट अध्ययन कार्य सम्पन्न गरिएको हो/

५.१ दस्तावेज समिक्षा: लैंगिक समानता तथा सामाजिक समाबेशीकरण कार्यदलले किस्पाङ गाउँपालिकाको ऐन, कानुन, नियम, कार्यविधि, बार्षिक नीति, योजना, कार्यक्रम तथा बजेट, पुनर्लाभ योजना, खानेपानी, सरसफाई गुरु योजना , पश्वचित्र र विभिन्न समयमा भएका गाउँ सभा र कार्यपालिका बैठकक निर्णय हरु आदिको लैससास दृष्टिकोणबाट विश्लेषण गरि समिक्षा गरिएको/

५.२ लक्षित समुदाय संग छलफल: लैंगिक समानता तथा सामाजिक समाबेशीकरण कार्यदल सहजकर्ताले किस्पाङ गाउँपालिकासंग सरोकार राख्ने महिला समूह र उपभोक्ता समूह संग प्रश्नावली बनाई छलफल गरेको थियो/

५.३ मूख्य सूचनादाता संग अन्तर्वार्ता : लैंगिक समानता तथा सामाजिक समाबेशीकरण कार्यदल सहजकर्ताले किस्पाङ गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत र कार्यपालिका सदस्य तथा वडा न. ३ र ५ का वडा अध्यक्षहरु संग लैससास सम्बन्धि प्रश्नावली बनाई अन्तरबार्ता लिएको थियो/

५.४ कार्यशाला संचालन : किस्पाङ गाउँपालिकाले मित २०७६ फागुन ४ र ५ गते २ दिने लैंगिक समानता तथा सामाजिक समाबेशीकरण कार्यशाला आयोजना गरेको थियो/ उक्त कार्यशालाबाट लैससास कार्यदल गठन, लैससासको अबधारणा,लैससास परिक्षण बिधि र ८ वटा सुचकहरु गाउँपालिकाको कानुन तथा नीतिमा लैंगिक समानता तथा सामाजिक समाबेशीकरण, लैससास विश्लेषणमा आधारित योजना तर्जुमा, योजना कार्यन्वयन, अनुगमन र मूल्यांकन, आन्तरिक संरचना, क्षमता विकास, नेपाल सरकारका लैंगिक समानता तथा सामाजिक समाबेशी विकासका नीति र प्रतिबद्वता, सेवा प्रबाह र संस्थागत संस्कृति, सुशासन बारे अभिमुखिकरण तथा छलफल गरिएको थियो / साथै दस्तावेज समिक्षा, लक्षित समुह छलफल र प्रमुख सूचनादाताहरुसंगको अन्तरबार्ताबारे को छलफल गरिएको थियो/

५.५ ललैंगिक समानता तथा सामाजिक समाबेशीकरण मूल्यांकन र अंक प्रदान: लैंगिक समानता तथा सामाजिक समाबेशीकरण कार्यशालाको दोश्रो दिन गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण कार्यविधिका सूचकहरुको आधारमा सहभागितामूलक प्रक्रियाबाट राम्रो, मध्यम र कम्जोर देखिएमा क्रमस: १, ०.५ र ० अंक प्रदान गरी कुल १७.५ अंक प्राप्त भएको थियो/ साथै माकुरे जालो प्रस्तुत गरी गाउँपालिकाको अवस्था र पुग्न चाहेको अवस्था बारे जानकारी गराई छलफल गरिएएको थियो/

५.६ सबल पक्ष, कम्जोर पक्ष, अवसर र चुनौती विश्लेषण: लैंगिक समानता तथा सामाजिक समाबेशीकरण कार्यशालाको दोश्रो दिन गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण कार्यविधिका सूचकहरुको स्वमूल्यांकन गरि सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती पहिचान गरी छलफल भएको थियो /

५.७ कार्ययोजना तयार: लैंगिक समानता तथा सामाजिक समाबेशीकरण कार्यशालाको दोश्रो दिनको अन्तिम शत्रमा सहभागीहरुको अनुभव र मूल्यांकनका आधारमा कार्ययोजना तयार गरि सम्पन्न गरिएको थियो/ मस्यौदा कार्ययोजनालाई अन्तिम रुप दिई कार्यपालिकामा पेश गर्ने निर्णय भएको छ/ कार्यशालाको सहजीकरण पुर्णिमा कार्यक्रमका योजना तथा सुशासन सल्लाहकार तथा सहजकर्ता निरक बहादुर सुनारले गर्नु भएको थियो/

५.८ प्रतिबेदन तयार: लैंगिक समानता  तथा सामाजिक समाबेशीकरण परिक्षण सम्पन्न भए पश्चात कार्यदलको तर्फबाट सहजकर्ताले तयार गरिएको हो/

**६. सहभागीहरु:**

किस्पाङ गाउँपालिकाले मिति २०७६ फागुन ४ र ५ गते आयोजना गरेको २ दिने लैंगिक समानता  तथा सामाजिक समाबेशीकरणमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत, बिषयगत शाखा प्रमुख तथा कर्मचारीहरुको सहभागिता भएको थियो/




**७. विश्लेषणका औजारहरु:**

किस्पाङ गाउँपालिकाको लैंगिक समानता  तथा सामाजिक समाबेशीकरणको अबस्था विश्लेषण गर्दा माकुरे जालो प्रयोग गरिएको थियो/

## ८. लैससास परिक्षणबाट आएका प्रमुख प्राप्तीहरु:

| मुख्य सुचक | प्रमुख प्राप्तिहरू |
|---|---|
| **१. गाउँपालिकाको कानुन तथा नीतिमा लैङ्गिक समानता तथा समावेशीकरण** | |
| १.१ | गाउँपालिकाले बनाउने ऐन, नियम, कार्यविधि जस्ता कानुनमा दलित, महिला, एकल महिला, जनजाती आदीको सहभागिता हुने हुने गरेको/ |
| १.२ | गाउँपालिकाले ऐन, नियम, कार्यविधि जस्ता कानुन तर्जुमा गर्दा बंचितिकरणमा परेका समुदायसंग छुट्टै छलफल नभएको/ गाउँपालिकाले बनाएको ऐन, नियम, कार्यविधि जस्ता कानुनहरु प्रकाशन नभएको पाइयो/ |
| **२. लैससास विश्लेषणमा आधारित योजना तर्जुमा** | |
| २.१ | WASH गुरु योजना भएको र पाश्वचित्र भएको र पुनर्लाभ योजना भएको तर अध्यावधिक गरि योजना तर्जुमा प्रक्रियामा जोड्नु पर्ने देखिएको/ |
| २.२ | बस्ती स्तरमा योजना तर्जुमा बैठक कुनै कुनै बस्तीमा भएको र लैंगिक तथा सामाजिक रुपमा बहिष्करणमा परेका समुदायको कहिकही सहभागिता भएको भन्ने जानकारी पाईयो/ वडा सदस्यहरुलाई सबै बस्तीमा परिचालन गरेको देखिएन/ |
| **३. योजना कार्यान्वयन, अनुगमन र मूल्यांकन** | |
| ३.१ | उपभोक्ता समिति गठन गर्दा जनप्रतिनिधिको उपस्थितिमा एक पदाधिकारी सहित ३३ प्रतिशत महिला भएको भएपनि सबै उपभोक्ता समितिमा आम भेला प्रभावकारी हुन नसकेको कुरा जानकारी भएको// |
| ३.२ | गत आ.व.मा तय गरिएका कार्यक्रमहरु कार्यन्वयन भएको भए पनि लक्षित बर्गलाई बिशेष ब्यबस्था गरि तय नभएको/ |
| | यस बर्ष देखि सूचक बनाई अनुगमन गर्न शुरु गरिएको/ उपभोक्ता समितिमा महिलाको सहभागिता बारे सूचक उल्लेख गरेको/ अनुगमन समितिको बैठक नियमित भएको पाईएन र अनुगमन समितिको प्रतिबेदन कार्यपालिकामा पेश गरी छलफल गर्ने नगरेको/ |
| **४. आन्तरिक संरचना** | |

| | |
|---|---|
| ४.१ | न्यायिक समिति र मेलमिलाप केन्द्रमा लैंगिक तथा सामाजिक रुपमा बहिष्करणमा भएका व्यक्ति र समुदायको प्रतिनिधित्व भएको/ गाउँपालिकाले गठन गर्ने समिति, उप समितिहरुमा पनि समानुपातिक प्रतिनिधित्व भएको/ बिषयगत समिति समानुपातिक भएता पनि प्रभावकारी हुन नसकेको/ |
| ४.२ | बालबालिका, महिला हिंसा सम्बन्धि सुचनाहरु प्रबाह गर्ने गरिएको भएतापनि प्रभावकारी बनाउन पहल गर्नुपर्ने/ |
| ४.३ | कृषि समूह, सहकारी सुचिकृत भएको र पश्वचित्रमा उल्लेख गरिएको/ |
| **५. क्षमता विकास** | |
| ५.१ | लैससास बिकासको लागि आबश्यकता अनुसार प्रदेश र जिल्ला स्तरका कार्यालय संग समन्वय गरेको र अझै प्रभावकारी ढंगले समन्वय गरि क्षमता विकास गर्नु पर्ने आबश्यकता देखिएको/ |
| ५.२ | लैससास सम्बन्धि क्षमता विकास तालिमहरुको कार्यक्रम नीतिमा मात्र उल्लेख गरिएको |
| **६. नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता** | |
| ६.१ | १६ दिने घरेलु हिंसा सम्बन्धि कार्यक्रम भएको/ बाल अधिकार सम्बन्धि छात्रवृति, खेलकुद जस्ता कार्यक्रम संचालन गरेको/ |
| ६.२ | CEDAW, ICERD आदि जस्ता अन्तराष्ट्रिय प्रतिबद्वता सम्बन्धि कुनै कार्यक्रम नभएको/ दिगो विकास लक्षलाई स्थानीयकरण गर्नु पर्ने देखिएको/ |
| **७. सेवा प्रवाह र संस्थागत सस्कृति** | |
| ७.१ | जोखिम नक्सांकन गरि गाउँ पश्वचित्र तयार गरेको/ स्वास्थ्य शिबिर संचालन गरेको/ बाल मैत्री, अपांगमैत्री स्वास्थ्य केन्द्र र बिद्यालय निर्माण गरेको / |
| ७.२ | महिलाहरुलाई जोखिम कार्यमा नलगाएको/कार्यक्षेत्रमा कुनै लैंगिक हिंसाको उजुरी नआएको/ नागरिक बडापत्र, गुनासो पेटिकाहरु राखिएको छिट्टै राख्नु पर्ने देखियो// |
| **८.सुशासन** | |
| ८.१ | सार्बजनिक सुनुवाई भएको, सार्बजनिक परिक्षण भएको, सूचना पाटी राख्ने गरिएको भएतापनि अभिमत र नागरिक प्रतिबेदन पत्र नबनाएको र खण्डीकृत तथ्यांक अभिलेख नभएको/ सार्बजनिक परिक्षण प्रभावकारी रुपमा हुन नसकेको/ |
| ८.२ | Website भएको र नियमित सूचना हरु राख्ने गरेको/ आ.व. ०७४/०७५ को लेखा परिक्षण प्रतिबेदन राखिएको/ ऐन, कानुन , बार्षिक कार्यक्रमहरु नराखिएको/ |

## ९. लैससास परिक्षण बिधिबाट देखिएका लैंगिक समानता तथा सामाजिक समाबेशीकरणको अवस्था

९.१ लैससास परिक्षण पश्चात सूचकहरुले प्राप्त गरेका अंक: लैससास परिक्षणका ८ वटा सूचकको ५६ वटा उपासूचकहरुको मूल्यांकन गर्दा प्राप्त अंक निम्नानुसार प्रस्तुत गरिएको छ/

| क्र.स. | सूचक र उप-सूचकहरू | कूल अंक | प्राप्ताङ्ग |
|---|---|---|---|
| १ | कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ७ | २।५ |
| २ | लैससास विश्लेषणमा आधारित योजना तर्जुमा | ७ | १।५ |
| ३ | योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन | ७ | ३ |
| ४ | आन्तरिक संरचना | ७ | ३।५ |
| ५ | क्षमता विकास | ७ | ०।५ |
| ६ | नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता | ७ | १ |
| ७ | सेवा प्रवाह र संस्थागत संस्कृति | ७ | ४ |
| ८ | सुशासन | ७ | २ |
| | जम्मा अंक | 56 | 18 |

९.२ माकुरे जालो : लैससास परिक्षणका ८ वटा सूचकको ५६ वटा उपासूचकहरुको मूल्यांकन गर्दा प्राप्त अंकलाई निम्नानुसार माकुरेजालोमा प्रस्तुत गरिएको छ/



**१०. सबल पक्ष र सुधार गर्नु पर्ने पक्षहरु**: लैंगिक समानता तथा सामाजिक समाबेशीकरण कार्यशालामा SWOT विश्लेषण गरी निम्न बमोजिम निष्कर्ष प्रस्तुत गरिएको छ/

| सबल पक्षहरू | सुधार गर्नुपर्ने पक्षहरू | अवसर | चुनौती |
|---|---|---|---|
| गाउँपालिकाले बनाउने ऐन, नियम, कार्यविधि जस्ता कानुनमा दलित, महिला, एकल महिला, जनजाती आदीको सहभागिता हुने हुने गरेको/ | गाउँपालिकाले ऐन, नियम, कार्यविधि जस्ता कानुन तर्जुमा गर्दा बंचितिकरणमा परेका समुदायसंग छुट्टै छलफल नभएको/ गाउँपालिकाले बनाएको ऐन, नियम, कार्यविधि जस्ता कानुनहरु प्रकाशन नभएको/ | गाउँपालिकाले ऐन, नियम, कार्यविधि जस्ता कानुन तर्जुमा गर्दा बंचितिकरणमा परेका समुदायसंग छुट्टै छलफल गर्ने/ कानुनहरु प्रकाशन गरी सबैको पहुँच सुनिश्चित गर्ने/ | दक्ष जनशक्ति र आबश्यक स्रोतको अभाव/ |
| | लैससास सम्बन्धि नीति, कानुनहरु नभएको | बंचितिकरणमा परेका दलित, महिला, अपांग, बालबालिका आदीहरुको लागि बिशेष नीति हरु तय गरि कार्यक्रम र बजेट नियमित गर्ने/ | |
| WASH गुरु योजना भएको र पाश्वचित्र भएको र पुनर्लाभ योजना भएको/ | पाश्वचित्र अध्यावधिक नभएको र आवधिक योजना नभएको/ | आवधिक योजना बनाउँदा लैंगिक तथा सामाजिक रुपमा बहिष्करणमा परेका समुदाय संग छलफल गरी तयार गर्ने र सोहि अनुसार आबश्यकता विश्लेषण गरी कार्यक्रम तय गर्ने/ | प्राबिधिक र बजेट सहयोगको लागि आबश्यक साझेदारीको गर्ने/ पुर्णिमाले सहयोग गर्ने प्रतिबद्वता/ |
| बस्ती स्तरमा योजना तर्जुमा बैठक कुनै कुनै बस्तीमा भएको र लैंगिक तथा सामाजिक रुपमा बहिष्करणमा परेका समुदायको कहिकही सहभागिता भएको/ | बस्ती स्तरमा योजना तर्जुमा बैठकको अभिलेख नभएको / लैंगिक तथा सामाजिक रुपमा बहिष्करणमा परेका समुदायको अर्थपूर्ण सहभागिता भएको | लैंगिक तथा सामाजिक रुपमा बहिष्करणमा परेका समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने/ | दक्ष जनशक्ति र आबश्यक स्रोतको अभाव/ |

| | | | |
|---|---|---|---|
| उपभोक्ता समिति गठन गर्दा जनप्रतिनिधिको उपस्थितिमा एक पदाधिकारी सहित ३३ प्रतिशत महिला भएको/ | महिला सदस्यहरुको उपस्थिति सबैमा नभएको/ आम भेलालाई व्यापक गर्न नसकिएको/ | महिला सदस्यहरुको भूमिका बृद्दि गर्न जिम्मेवारी तोक्ने/ | |
| गत आ.व.मा तय गरिएका कार्यक्रमहरु कार्यन्वयन भएको/ | अनुगमन प्रतिबेदन कार्यपालिकामा पेश गर्ने र छलफल गर्ने प्रचलन नभएको / चौमासिक र बार्षिक समिक्षा गोष्ठी नभएको/ | लैससास सूचकहरु समाबेश गरि अनुगमन गर्ने र अनुगमन प्रतिबेदन कार्यपालिकामा चौमशिक रुपमा पेश गर्ने/ | दक्ष जनशक्ति र आबश्यक स्रोतको अभाव/ |
| न्यायिक समिति र मेलमिलाप केन्द्रमा लैंगिक तथा सामाजिक रुपमा बहिष्करणमा भएका व्यक्ति र समुदायको प्रतिनिधित्व भएको/ गाउँपालिकाले गठन गर्ने समिति, उप समितिहरुमा पनि समानुपातिक प्रतिनिधित्व भएको/ | लैससास सम्पर्क व्यक्ति नतोकिएको/ लक्षित बर्गको लागि कुनै कोषको ब्यबस्था नभएको/ | लैससास सम्पर्क व्यक्ति तोक्ने र छुट्टै कोष तोक्ने गरि नीतिनियम तय गरि ब्यबस्था गर्ने/ | |
| बालबालिका, महिला हिंसा सम्बन्धि सुचनाहरु प्रबाह गर्ने गरिएको / | | अझै प्रभावकारी बनाउनु पर्ने/ | |
| कृषि समूह, सहकारी  सुचिकृत भएको/ | | | |
| लैससास बिकासको लागि आबश्यकता अनुसार प्रदेश र जिल्ला स्तरका कार्यालय संग समन्वय गरेको/ | क्षमता विकास योजना नभएको/ लैससास सम्बन्धि तालिमहरु नभएको/ लक्षित वर्गलाई बिशेष तालिमहरु नभएको/ | क्षमता विकास योजना तयार गरि लैससास तालिम दिने, लक्षित बर्गको लागि आबश्यक तालिम प्रदान गर्ने/ | |
| १६ दिने घरेलु हिंसा सम्बन्धि कार्यक्रम भएको/ बाल अधिकार सम्बन्धि छात्रवृति, खेलकुद जस्ता कार्यक्रम संचालन गरेको/ | CEDAW, ICERD आदि जस्ता अन्तराष्ट्रिय प्रतिबद्धता सम्बन्धि कुनै कार्यक्रम नभएको/ | CEDAW, ICERD आदि जस्ता अन्तराष्ट्रिय प्रतिबद्धता सम्बन्धि कार्यक्रम गर्ने/ राष्ट्रिय दिवसहरु मा सशक्तिकरणमा योगदान पुग्ने कार्यक्रम गर्ने/ | दक्ष जनशक्ति र आबश्यक स्रोतको अभाव/ |

| | | | |
|---|---|---|---|
| जोखिम नक्सांकन गरि गाउँ पर्श्वचित्र तयार गरेको/ स्वास्थ्य शिबिर संचालन गरेको/ बाल मैत्री, अपांगमैत्री स्वास्थ्य केन्द्र र बिद्यालय निर्माण गरेको / महिलाहरुलाई जोखिम कार्यमा नलगाएको/कार्यक्षेत्रमा कुनै लैंगिक हिंसाको उजुरी नआएको/ | गाउँपालिकाको भौतिक पुर्बधार आबश्यकता अनुसार नभएको / लैससास मैत्री आचरण, भाषा ब्यबहारलाई संस्थागत नगरिएको/ | नयाँ निर्माण गर्ने गाउँपालिका, वडा कार्यालय आदिमा स्तापन कक्ष, महिला पुरुष शौचालय, आदि ब्यबस्था गर्ने/ | आबश्यक स्रोतको अभाव/ |
| सार्बजनिक सुनुवाई भएको, सार्बजनिक परिक्षण भएको, सूचना पाटी राख्ने गरिएको/ | अभिमत र नागरिक प्रतिबेदन पत्र नबनाएको/ खण्डीकृत तथ्यांक अभिलेख नभएको/ | | दक्ष जनशक्ति र आबश्यक स्रोतको अभाव/ |
| Website भएको र नियमित सूचना हरु राख्ने गरेको/ | सबै सुचनाहरु राख्ने नगरेको/ लैससासको पहुँच पुग्ने गरि सुचनामुलक सामग्री संप्रेषण नभएको/ | सबै सूचनाहरु राख्ने | |

## ११. लैंगिक समानता तथा सामाजिक समाबेशी विकास कार्ययोजना:

लैंगिक समानता तथा सामाजिक समाबेशीकरण कार्यशालामा SWOT विश्लेषण गरि प्राप्त सबल पक्ष, कम्जोर पक्ष, अवसर र चुनौतीका आधारमा कार्ययोजना मस्यौदा गरिएको छ/

## १२. निष्कर्ष:

किस्पाङ गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणले लैंगिक समानता र सामाजिक समाबेशीकरणको अवस्थालाई जनप्रतिनिधि तथा कर्मचारीहरुले सुक्ष्मरुपले अबलोकन र विश्लेषण गर्ने अवसर प्राप्त भएको छ/ लैंगिक समानता तथा सामाजिक समाबेशीकरणको अभिमुखीकरण गरि बिषयलाई मूलप्रबाहिकरण गर्न संबेदनशील बनाएको छ/ हाल सम्म यस लैससास बिषयको दृष्टिकोणले गाउँपालिकाको ऐन, नीति नियम, योजना तर्जुमा, कार्यन्वयन, अनुगमन, मूल्यांकन, आन्तरिक संरचना, क्षमता विकास, नेपाल सरकारका प्रतिबद्धताहरु, सेवा प्रबाह, संस्थागत संस्कृति र सुशासनलाई विश्लेषण गर्ने अनुभव नरहेकोमा आगामी दिनहरुमा यसले मार्गदर्शन गर्ने भएको छ/ लैससासको दृष्टिकोणले गाउँपालिका ले धेरै सूचकहरुमा सुधार गर्ने अवसर रहेको छ/ कुल ८ वटा मुख्य सूचकहरुमा आन्तरिक संरचना र सेवा प्रबाहमा केहि सन्तोषजनक भएता पनि अझै प्रभावकारी बनाउन आबश्यक देखिन्छ/

## १३. सुझाब:

गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणले लैंगिक समानता र सामाजिक समाबेशीकरणको अवस्थालाई सुधार गर्न निम्न बमोजिम सुझाव प्रदान गरिएको छ/

- लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षण मस्यौदा कार्यविधि २०७६ लाई छलफल गरी पारित गर्ने र प्रत्येक आ.व. मा परिक्षण गरि लैससासको अवस्थामा सुधार गर्ने/
- लैंगिक समानता तथा सामाजिक समाबेशीकरणका अन्तराष्ट्रिय प्रतिबद्धताहरु जनप्रतिनिधि र कर्मचारीहरुलाई नियमित अनुशिक्षण गर्ने/
- लैंगिक समानता तथा सामाजिक समाबेशीकरण कार्यशालाबाट तयार पारेको कार्ययोजना कार्यन्वयन र अनुगमन गर्ने/
- लैससासमैत्री नीति, कार्यक्रम र बजेट तयार गरि कार्यक्रम कार्यन्वयन गर्ने/

अनुसूचीहरु:

१। लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणका सूचकहरु र प्राप्तांक
२। **लैंगिक समानता तथा सामाजिक समाबेशी कार्ययोजना**
३। लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परिक्षणका केहि झलकहरु
४। कार्यशालामा सहभागीहरुको नामावली

अनुसूची: १ लैंगिक समानता  तथा सामाजिक समाबेशीकरण परिक्षणका सूचकहरु र प्राप्तांक

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याई को आधार | कैफियत |
|---|---|---|---|---|---|
| १ | कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ७ | २।५ | | |
| क | गाउँपालिकाले तर्जुमा गर्ने कानुन (ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड), नीति/रणनीति तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिले सहभागिता हुने गरेको छ वा छैन ? | ० - १ | १ | गाउँ सभा, कार्यपालिकाका निर्णय पुस्तिका, प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता | |
| ख | कानुन तथा नीति निर्माणको क्रममा लाभग्राही विशेषतः महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायको सुझाव लिईएको छ वा छैन ? | ० - १ | ०।५ | गाउँ सभा, कार्यपालिकाका निर्णय पुस्तिका,प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता, लक्षित समुह छलफल | |
| ग | हालसम्म स्वीकृत भएका कानुनहरु र नीतिहरुका बारेमा पदाधिकारी तथा कर्मचारीहरुका लागि अभिमुखिकरण भएको छ वा छैन र समान बुझाई छ वा छैन ? | ० - १ | ०।५ | गाउँ सभा, कार्यपालिकाका निर्णय पुस्तिका, प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता | |
| घ | स्वीकृत भएका कानुन र नीतिहरु वेवसाइटमा राखिएको साथै प्रकाशन गरी सवैको पहुँचमा हुने गरी पालिकाका सम्वन्धित शाखाहरु र वडा कार्यालयमा राखिएको छ वा छैन ? | ० - १ | ० | | |
| ङ | गाउँपालिकाको लैससास नीति छ वा छैन ? तर्जुमा गरिएको भए लाभग्राही विशेषतः महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायसंग छलफल गरी सुझाव समावेश गर्ने गरिएको छ वा छैन ? | ० - १ | ० | | |
| च | महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायहरु लक्षित गरी छुट्टै नीति, निर्देशिका वा कार्यविधिहरु वनेका छन् वा छैनन् ? (जस्तै अपांगता मैत्री, वालमैत्री, लैङ्गिक मैत्री, दलित वा जोखिममा परेको र अन्य समुदायको सामाजिक तथा आर्थिक रुपान्तरणका लागि वनाइएको नीति कार्यविधिहरु) | ० - १ | ० | | |
| छ | बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको लागि विशेष कार्यक्रम तथा बजेट तय भएको छ वा छैन ? | ०–१ | ०।५ | प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता, | |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | **लैससास विश्लेषणमा आधारित योजना तर्जुमा** | ७ | १५ | | |
| क | आवधिक योजनाको उद्देश्य, रणनीति तथा नतिजामा लैगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको आर्थिक तथा सामाजिक हैसियतमा परिवर्तन एवम् रुपान्तरण ल्याउने गरी स्पष्टरुपमा उल्लेख गरिको छ वा छैन ? | ०–१ | ० | | |
| ख | आवधिक तथा क्षेत्रगत योजना (जस्तै स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि, विपत जोखिम व्यवस्थापन आदि) तर्जुमा गर्दा गाउँ पार्श्वचित्रवाट प्राप्त लिङ्ग, उमेर, भूगोल, जातजाति, भाषा, सस्कृति, वर्ग, अपाङ्गता भएका व्यक्ति आदि अनुसारको छुट्टाछुट्टै अवस्था विश्लेषण गरि आवश्यकता पहिचान गर्ने गरिएको छ वा छैन ? | ०–१ | ० | | |
| ग | आवधिक, क्षेत्रगत, लैससास नीती अनुरुप वार्षिक नीती तथा कार्यक्रम वनाइने गरेको छ वा छैन ? यस्ता नीति र वार्षिक कार्यक्रम वीचको तादम्यता छ वा छैन ? | ०–१ | ० | | |
| घ | वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी बजेट ९न्च्य० तर्जुमा प्रक्रिया अवलम्बन गरी कार्ययोजना तयार गर्ने गरिएको छ ? | ०–१ | ० | | |
| ङ | बस्तीस्तरको योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लिङ्ग र समुदायको अर्थपूर्ण सहभागिता हुने गरेको छ वा छैन ? | ०–१ | ०।५ | प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता, लक्षित समुह छलफल | |
| च | बार्षिक कार्यक्रम तर्जुमा गर्दा विषयगत समिति अनुसार छुट्याईएको बजेट र कार्यक्रममा लैससासलाई स्पष्ट रुपमा संवोधन गर्ने गरी विषयगत कार्यकमहरु तयार गरिएको छ वा छैन ? | ०–१ | ०।५ | प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता, लक्षित समुह छलफल | |
| छ | बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको लागि विशेष कार्यक्रम तथा बजेट तय भएको छ वा छैन ? | ०–१ | ०।५ | बार्षिक बजेट र कार्यक्रम, प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता, लक्षित समुह छलफल | |

| ३. | योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन | ७ | ३ | | |
|---|---|---|---|---|---|
| क | उपभोक्ता समिति गठन गर्दा आम भेला गर्ने गरिएको छ वा छैन ? उक्त भेलामा सहजीकरणका लागि कर्मचारी वा महिला वडा सदस्यहरुको भुमिका हुने गरेको छ वा छैन ? | ०–१ | ०।५ | उपभोक्ता समिति दस्तावेज, प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता, लक्षित समुह छलफल | |
| ख | उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता छ वा छैन ? साथै अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला सदस्य रहने व्यवस्था छ वा छैन ? | ०–१ | १ | उपभोक्ता समिति दस्तावेज, प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता, लक्षित समुह छलफल | |
| ग | उपभोक्ता समितिमा लैङ्गिक तथा वहिस्करणमा परेका व्यक्ति र समुह, लाभान्वित समूह उपस्थिति रहेको अवस्थामा तिनीहरूको समेत प्रतिनिधित्व हुने गरेको छ वा छैन ? | ०–१ | ०।५ | उपभोक्ता समिति दस्तावेज, प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता, लक्षित समुह छलफल | |
| घ | योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ बमोजिम गठित सुपरिवेक्षण तथा अनुगमन समितिले अनुगमनका सूचकहरु वनाउँदा लैससास सम्वन्धी सूचकहरु समावेश गरी सूचक वनाइएको छ वा छैन ? र अनुगमन प्रतिवेदन कार्यपालिकामा छलफल हुन्छ वा हुदैन ? | ०–१ | ० | | |
| ङ | गत आ.व.को वार्षिक योजनामा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको उत्थानका लागि तर्जुमा गरिएका कार्यक्रम तथा वजेटको कार्यान्वयन पूर्णरुपमा भए वा भएनन् ? | ०–१ | ०।५ | बार्षिक प्रतिवेदन, प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता | |
| **च** | सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा लैंगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहलाई लागत अनुरुप पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ ? स्थानीय तहले रुपान्तरणीय विकासको लागि सबै वर्ग वा व्यक्तिहरुलाई ज्ञान तथा सीप विकास गर्ने गरको छ वा छैन ? | ०–१ | ०।५ | प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता, लक्षित समुह छलफल | |
| **छ** | नियमित रुपमा सबै प्रकारका सरोकारवालाहरुको सहभागितामा लैससास सम्वन्धी छलफल, सिकाई आदानप्रदान हुने गरेको छ वा छैन ? के यस्ता सिकाईहरु कार्यक्रमरयोजना तयार वा नीति निर्माण गर्दा समावेश गर्ने गरिन्छ ? | ०–१ | ० | | |

| ४. | आन्तरिक संरचना | ७ | ३।५ | | |
|---|---|---|---|---|---|
| क | गाउँपालिकामा गठीत न्यायिक समिति र वडा तहका मेलमिलाप केन्द्रमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको प्रतिनिधित्व भएको छ वा छैन ? | ०–१ | १ | न्यायिक समिति निर्णय पुस्तिका,प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता,मेलमिलाप | |
| ख | न्यायिक समिति र मेलमिलाप केन्द्रमा दर्ता भएका र समाधान गरिएका विवादहरुको खण्डीकृत तथ्यांक (क्षेत्र र लाभान्वित) को अभिलेख राखिएको छ वा छैन ? | ०–१ | ०।५ | न्यायिक समिति निर्णय पुस्तिका,प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता, | |
| ग | गाउँपालिकाले गठन गर्ने गरेका समितिहरु, उपसमिति तथा कार्यदलमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको समानुपातिक प्रतिनिधित्व भएको छ वा छैन ? | ०–१ | १ | गाउँ सभा, कार्यपालिकाका निर्णय पुस्तिका, न्यायिक समिति, प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता | |
| घ | सामाजिक विकास शाखारमहिला तथा वाल विकास शाखा अन्तर्गत लैससास सम्पर्क व्यक्ति तोकिएको छ वा छैन ? | ०–१ | ० | | |
| ङ | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको विकासको लागि छुट्टै कोष तथा वजेटको व्यवस्था भएको छ (जस्तै वाल विकास कोष, अपाङ्गता विकास कोष, छात्रवृति कोष, दलित उत्थान विकास कोष आदि) ? उनीहरूको सक्रियता र आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गर्ने गरिएको छ वा छैन ? | ०–१ | ० | | |
| **च** | बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, महिला तथा बालबालिकामाथि हुने हिंसाको वारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५, घरेलु हिंसा जस्ता उपयोगी जानकारीहरु समुदाय स्तरसम्म प्रभावकारी ढंगबाट सूचना प्रवाह गर्न स्थानीय संयन्त्र प्रयोग गरी लाभग्राहीहरुलाई सूचना प्रवाह गरिने गरेको छ वा छैन ? | ०–१ | ०।५ | प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता, | |

| | | | | | |
|---|---|---|---|---|---|
| **छ** | गाउँपालिकाले टोल विकास संस्था तथा समुदायमा आधारित संस्थाहरु वा समितिहरु ( जस्तैः महिला समुह, आमा समुह, वाल क्लब, संचार समुह, कृषि समुह) दर्तारसूचीकृत गरी सक्रियरुपमा संचालनमा ल्याईएको छ वा छैन ? | ०–१ | ०।५ | गाउँ पार्श्वचित्र, कृषि समुह सूची, प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता, | |
| **५.** | **क्षमता विकास** | **७** | ०।५ | | |
| क | गाउँपालिकामा स्थानीय सरकारको संस्थागत स्व- मूल्याङ्कन गरी क्षमता विकास कार्ययोजना बनाईएको छ वा छैन ? यस्ता कार्ययोजनाका लागि आवधिक, क्षेत्रगत र वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्यवन गरिएको छ वा छैन ? | ०–१ | ० | | |
| ख | गाउँपालिकाले संचालन गर्ने क्षमता विकास कार्यक्रमहरुमा सहभागिहरुको छनौट गर्दा लैङ्गिक तथा सामाजिकरुपमा बहिष्करणमा परेका व्यक्ति र समुहलाई विशेष प्राथमिकतामा राखेर आवश्यकता पहिचानका आधारमा गर्ने गरिएको छ वा छैन ? | ०–१ | ० | | |
| ग | गाउँपालिकाले स्वरोजगार वृद्धि गर्ने तथा बैदेशिक एवं रोजगारीमा जाने समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने गरको छ वा छैन ? स्थानीय तहले रुपान्तरणीय विकासको लागि सबै वर्ग वा व्यक्तिहरुलाई ज्ञान तथा सीप विकास गर्ने गरेको छ वा छैन ? | ०–१ | ० | | |
| घ | तालिम प्राप्त व्यक्तिहरुको क्षमतामा आएको परिवर्तनका सम्बन्धमा प्रभावकारी अनुगमन गर्ने गरेको छ वा छैन ? तालिमप्राप्त व्यक्ति वा सेवाप्राप्त गर्ने समुदायको आर्थिक तथा सामाजिक सशक्तिकरणमा परिवर्तन भएको अभिलेखिकरण गर्ने गरिएको छ वा छैन ? | ०–१ | ० | | |
| ङ | गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास तालिममा लैससास सम्वन्धी छुट्टै विषय राखि तालिम दिने गरेको छ वा छैन ? | ०–१ | ० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **च** | गाउँपालिकाले महिलाहरुका रणनीतिक आवश्यकता पुरा गर्नका लागि लोक सेवा आयोग तयारी कक्षा, ग्रामीण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी) तयार गर्ने गरेको छ वा छैन ? | ०–१ | ० | | |
| **छ** | लैससास विकासको लागि संघीय सरकार अन्तर्गतका संवैधानिक आयोगहरु, प्रदेश सरकार तथा जिल्लास्तरका कार्यालयहरुसंग समन्वय गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०।५ | प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता | |
| ६. | **नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता** | ७ | १ | | |
| क. | महिला विकासका लागि भएका बेईजिङ घोषणा पत्रका बाह्रवटा प्रतिवद्धता र दिगो विकासका सत्रवटा लक्ष्यहरु, बाल अधिकार, जातीय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी (ICERD), ILO, अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षण गर्ने महासन्धि आदिको वारेमा स्थानीय सरकारका प्रतिनिधि र कर्मचारीहरुलाई अभिमुखिकरण गरिएको छ ? कोहि पनि पछाडी नछुटुन् भन्ने कुराको सुनिश्चितताको लागि अध्ययन र विश्लेषण गरी तथ्याङ्क अद्यावधिक गरिएको छ ? | ०–१ | ० | | |
| ख. | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको साथै जोखिममा परेका समुदायका लागि विशेष कार्यक्रम सहित दिगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि स्थानीय तहले सरोकारवालाहरुसँगको सहकार्यमा कार्य गरिएको छ वा छैन ? | ०–१ | ० | | |
| ग. | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परीषदबाट पारीत प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरेका कार्यक्रम हरुमा रकम विनियोजन गरेको छ वा छैन ? | ०–१ | ० | | |
| घ. | महिला विरुद्ध हुने सबैखालको हिंसा निर्मुल गर्ने कार्यक्रमहरु र सो अनुसारको वजेट विनियोजन गरी कार्यक्रम समयमै सम्पन्न गरेको छ ? | ०–१ | ० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ङ | महिला अधिकार स्थापना र महिला माथि हुने हिंसा विरुद्धको विभिन्न दिवस र अभियान जस्तै महिला हिंसा विरुद्धको १६ दिने अभियान, किशोरी दिवस, अन्तराष्ट्रिय महिला दिवस, स्वच्छ महिनावारी दिवस सम्बन्धी कार्यक्रम संचालन गर्ने गरेको छ वा छैन ? | ०–१ | ०।५ | प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता, लक्षित समुह छलफल | |
| च | संयुक्त राष्ट्रसंघीय वाल अधिकार महासन्धी १९८९ मा गरिएको प्रतिवद्धता कार्यान्वयनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी समयमै सम्पन्न गरेको छ वा छैन ? | ०–१ | ०।५ | बार्षिक प्रतिवेदन, प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता | |
| छ | समाजमा विद्यमान जातीय विभेद र छुवाछुत सम्बन्धी सामाजिक, सांस्कृतिक र धार्मिक कुरीति र अभ्यास हटाउनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी समयमै सम्पन्न गरेको छ वा छैन ? | ०–१ | ० | | |
| ७. | **सेवा प्रवाह र संस्थागत संस्कृति** | ७ | ४ | | |
| क | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करण र जोखिममा परेका व्यक्ति र समुदायको नक्सांकन तथा वार्षिकरुपमा अद्यावधिक गर्ने गरेको छ वा छैन ? | ०–१ | ०।५ | गाउँ पार्श्वचित्र | |
| ख | गत आ.व. मा सेवा सुविधामा पहुँच नभएका समुदायहरुका लागि सेवा प्रवाहमा पहुँच पुऱ्याउन घुम्ति शिविर संचालन भए वा नभएको ? | ०–१ | १ | बार्षिक प्रतिवेदन, प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता | |
| ग | बालबालिका, जेष्ठ नागरिक, महिला र अपांगमैत्री भौतिक संरचना (सार्वजनिक स्थल) निर्माण भएका छन् वा छैनन् ? स्थानीय तहले सेवाग्राहीहरु प्रतिक्षारत रहँदा बस्ने ठाऊँको उचित व्यवस्थापन जस्तै पिउने पानी, महिला/पुरुष शौचालय, प्रतिक्षालय आदि छ वा छैन ? | ०–१ | ०।५ | प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता | |
| घ | महिला कर्मचारीहरूको गर्भावस्था र बच्चालाई स्तनपान सम्बन्धी संवेदनशीलतालाई ध्यान दिने गरिएको छ वा छैन (जस्तै गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा लगाउन नपाइने) ? | ०–१ | १ | प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता | |

| | | | | | |
|---|---|---|---|---|---|
| ङ | राष्ट्रिय तथा स्थानीय अभियान र सम्बन्धित मुद्दाहरुमा (जस्तै निकृष्ट प्रकारको वालश्रम, वाल विवाह, वहुविवाह, दाइजो प्रथा, वोक्सी, छुवाछुत प्रथा तथा घरेलु हिंसा, महिला हिंसा उल्मुलन / नियन्त्रणका लागि) अभियान/चेतनामूलक कार्यक्रमहरु सञ्चालन हुने गरेको छ वा छैन ? | ०–१ | ० | | |
| च | महिला हिंसा विरुद्दको शुन्य सहनशिलता अपनाईएको छ वा छैन ? कार्यक्षेत्रमा हुने यौनजन्य हिंसा र दुर्व्यवहारको सम्वोधन गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०।५ | प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता | |
| छ | गाउँपालिकामा लैससासमैत्री आचरण, भाषा, व्यवहार आदि प्रयोगमा आएको छ वा छैन ? यस्तो व्यवस्थाका लागि पहल गरिएको छ वा छैन ? | ०–१ | ०।५ | प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता | |
| **८.** | **सुशासन** | ७ | २ | | |
| क | स्थानीय तहले सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, लैससास परिक्षण, गुनासो सुनुवाई, सामुदायिक सुचना पाटी, नागरिक वडापत्र जस्ता सामाजिक जवाफदेहिताका औजारहरुको कार्यान्वयन प्रभावकारी ढंगबाट गर्ने गरेको छ वा छैन ? | ०–१ | ०।५ | प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता, सार्वजनिक सुनुवाइ प्रतिवेदन | |
| ख | सामाजिक जवाफदेहिताका औजारहरुको प्रयोग गर्दा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको सहभागिता सुनिश्चित गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०।५ | प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता, सार्वजनिक सुनुवाइ प्रतिवेदन | |
| ग | गाउँपालिकाले नियमित रुपमा आयोजना गर्ने सार्वजनिक सुनुवाईमा बर्हिगमन अभिमत (Exit Poll) र नागरिक प्रतिवेदन पत्र (CRC) गर्ने गरेको छ वा छैन ? | ०–१ | ० | | |
| घ | Website निर्माण गरी विभिन्न सूचनाहरु (बार्षिक नीति, कार्यक्रम तथा बजेट, आय-व्यय, पार्श्वचित्र, जोखिम नक्साकंन, आवधिक तथा रणनीतिक योजनाहरु, पञ्जीकरणको तथ्यांक, सामाजिक सुरक्षा भत्ताको विवरण तथा अन्य नियमित सूचनाहरु आदि) सार्वजनिकिकरण गर्ने गरेको छ वा छैन ? | ०–१ | ०।५ | http://www.kispangmun.gov.np/ | |
| ङ | सार्वजनिक महत्वका सूचनाहरु साथै माथि “घ” मा उल्लेखित विवरण प्रकाशन गरी स्थानीय संचार माध्यम तथा सूचना पाटी वा सवैको पहुँचमा हुने स्थानमा सर्वजनिक गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०।५ | प्रमुख व्यक्तिहरुसँग अन्तरवार्ता,सूचनाहरु प्रकाशन | |

| | | | | | |
|---|---|---|---|---|---|
| च | लैससासका राम्रा अभ्यासहरु, घटना अध्ययन आदिको प्रकाशन गर्ने, स्थानीय तहका समितिहरुमा छलफल गर्ने, अन्य स्थानीय तह, नागरिक समाज तथा प्रदेश र संघ सम्वन्धित निकायहरुसंग आदान प्रदान गर्ने गरेको छ वा छैन ? | ०–१ | ० | | |
| छ | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरूको पहुँचका लागि गरिएका सूचना, शिक्षा र संचारको (IEC materials) प्रवाह गरिएको छ वा छैन ? गरिएको भए त्यसले स्थानीय तहको विकास कार्यहरूमा सहभागितामा वृद्धि ल्याएको छ वा छैन ? | ०–१ | ० | | |
| | जम्मा अंक | ५६ | १८ | | |

**अनुसूची २ : लैंगिक समानता तथा सामाजिक समाबेशी कार्ययोजना**

| **पूर्णाङ्क** | **प्राप्ताङ्क** | **अवस्थामा सुधारका लागि आवश्यक कृयाकलाप** | **मुख्य जिम्मेवारी** | | | **समयावधी** | **थप आर्थिक दायित्व व्यहोर्न** | |
|---|---|---|---|---|---|---|---|---|
| | | | **पहलकर्ता** | **निर्णयकर्ता** | **कार्यान्वयन कर्ता** | | **पर्ने** (अनुमानित कति रु. हजारमा) खर्च व्यहोर्ने श्रोत प्रष्ट खुलाउने ) | **नपर्ने** |
| **१.कानुन तथा नीतिमा लैङ्गिक समानता तथा समावेशीकरण** | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | | १.१. गाउँपालिकाले ऐन, नियम, कार्यविधि जस्ता कानुन तर्जुमा गर्दा सरोकारवाला बंचितिकरणमा परेका समुदायसंग छुट्टै छलफल गर्ने/ | प्र.प्र.अ. | अध्यक्ष | प्र.प्र.अ | नियमित | १०० | |
| | | १.२. बंचितिकरणमा परेका दलित, महिला, अपांग, बालबालिका आदीहरुको लागि बिशेष नीति हरु तय गरि कार्यक्रम र बजेट तर्जुमा गर्ने/ | अध्यक्ष | गाउँसभा | प्र.प्र.अ. | असार २०७७ सम्म | | नपर्ने |
| | | १।३ आवधिक योजना बनाउँदा लैंगिक तथा सामाजिक रुपमा बहिष्करणमा परेका समुदाय संग छलफल गरी तयार गर्ने र सोहि अनुसार आबश्यकता विश्लेषण गरी कार्यक्रम तय गर्ने/ | अध्यक्ष | गाउँसभा | प्र.प्र.अ. | आ.व. ०७७/०७८ | ५०० | |
| **२.लैससास विश्लेषणमा आधारित योजना तर्जुमा** | | | | | | | | |
| ७ | | २.१. बस्ती स्तरको योजना तर्जुमा भेलामा लैंगिक तथा सामाजिक रुपमा बहिष्करणमा परेका समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने/ | प्र.प्र.अ. | अध्यक्ष | प्र.प्र.अ | बैशाख २०७७ सम्म | १०० | |
| | | २.२.लैंगिक तथा सामाजिक रुपमा बहिष्करणमा परेका समुदायहरु दलित, बालबालिका, महिला समूह , अपांग आदि संग छुट्टा छुट्टै योजना तर्जुमा बैठक गर्ने/ | प्र.प्र.अ. | अध्यक्ष | वडा अध्यक्ष | बैशाख २०७७ भित्र | ५० | |
| | | २.३ उपभोक्ता समिति गठन गर्दा महिला जनप्रतिनिधिको उपस्थितिमा गर्ने/ | प्र.प्र.अ. | अध्यक्ष | वडा अध्यक्ष | आ.व. ०७७/०७८ | | नपर्ने |
| | | | | | | | | |
| **३.योजना कार्यान्वयन, अनुगमन र मूल्यांकन** | | | | | | | | |
| | | ३.१. सुपरीक्षण तथा अनुगमन समितिले लैससास सूचक सहितको चेकलिष्ट बनाई अनुगमन गर्ने र अनुगमन प्रतिबेदन कार्यपालिकामा चौमशिक रुपमा पेश गरी छलफल गर्ने/ | प्र.प्र.अ. | उपाध्यक्ष | उपाध्यक्ष | बैशाख २०७७ भित्र | | नपर्ने |
| | | ३.२. चौमासिक र बार्षिक समिक्षा गोष्ठी गर्ने/ | प्र.प्र.अ. | अध्यक्ष | प्र.प्र.अ. | भाद्र २०७७ भित्र | १०० | |
| **४.आन्तरिक संरचना** | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ४.१. लैससास सम्पर्क व्यक्ति तोकी लैससास सम्बन्धि जिम्मेवारी प्रदान गर्ने/ | प्र.प्र.अ. | अध्यक्ष | प्र.प्र.अ. | बैशाख २०७७ भित्र | | नपर्ने |
| | | ४.२. न्यायिक समिति र मेलमिलापकर्ताको सुचिकृत ब्यवस्थित गरि बिबधरुको खण्डीकृत तथ्यांक अभिलेख राख्ने र चौमासिक प्रतिबेदन कार्यपालिकामा पेश गरि छलफल गर्ने/ | प्र.प्र.अ. | उपाध्यक्ष | प्र.प्र.अ. | बैशाख २०७७ भित्र | | नपर्ने |
| | | ४.३ बालबालिका, महिला हिंसा सम्बन्धि सुचनाहरु बाल हेल्प लाईन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, राष्ट्रिय महिला आयोगको टोल फ्री न. ११४५ नियमित प्रबाह् गर्ने / | प्र.प्र.अ. | अध्यक्ष | प्र.प्र.अ. | आ.व. ०७७/०७८ | | नपर्ने |
| | | | | | | | | |
| **५.क्षमता विकास** | | | | | | | | |
| | | ५.१. लैससास सम्बन्धि क्षमता विकास योजना तयार गरी जनप्रतिनिधि तथा कर्मचारीहरुलाई आबश्यक तालिम तथा अभिमुखीकरण कार्यक्रमको संचालन गर्ने/ | प्र.प्र.अ. | अध्यक्ष | प्र.प्र.अ. | आ.व. ०७७/०७८ | १०० | |
| | | ५.२. लैससास सम्बन्धि क्षमता विकास योजना तयार गरि महिलाका रणनैतिक आबश्यकता पुरा गर्ने तालिम संचालन गर्ने/ | प्र.प्र.अ. | अध्यक्ष | प्र.प्र.अ. | आ.व. ०७७/०७८ | | नपर्ने |
| | | ५.३ लैससास सम्बन्धि राष्ट्रिय महिला आयोग, दलित आयोग र प्रदेश सरकार अन्तर्गतका कार्यालय संग नियमित समन्वय गर्ने/ | प्र.प्र.अ. | अध्यक्ष | प्र.प्र.अ. | आ.व. ०७७/०७८ | | नपर्ने |
| | | | | | | | | |
| **६ नेपाल सरकारका लैससास विकासका नीति र प्रतिवद्धता** | | | | | | | | |
| | | ६.१. लैससास सम्बन्धि नेपाल सरकारका अन्तराष्ट्रिय प्रतिबद्वता पुरा गर्न बेइजिंग घोषणा पत्र, दिगो विकास लक्ष, ICERD, CEDAW आदि सम्बन्धि जनप्रतिनिधि र कर्मचारीहरुलाई अभिमुखीकरण गरि स्थानीयकरण गर्ने// | प्र.प्र.अ. | अध्यक्ष | प्र.प्र.अ. | कार्तिक २०७७ भित्र | ५० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ६.२. बाल दिवस, महिला अधिकार दिवस, अन्तराष्टिय जातिभेद बिरुद्द अन्तराष्ट्रिय दिवस, महिला हिंसा बिरुद्दका अभियान आदि कार्यक्रमहरु संचालन गर्ने/ | प्र.प्र.अ. | अध्यक्ष | प्र.प्र.अ. | आ.व. ०७७/०७८ मा नियमित | १०० | |
| | | ६.३ समाजमा विद्यमान सामाजिक, सांस्कृतिक कुरीतिहरु बल बिबाह, बहु बिबाह, बाल श्रम जातीय विभेद बिरुद्द बजेट बिनियोजन गरि कार्यक्रमहरु संचालन गर्ने/ | अध्यक्ष | गाउँसभा | प्र.प्र.अ. | आ.व. ०७७/०७८ | २०० | |
| | | | | | | | | |
| **७ सेवा प्रवाह र सस्थागत सस्कृति** | | | | | | | | |
| | | ७.१. लैंगिक तथा सामाजिक बहिस्करणमा परेका व्यक्ति र समुदायको नक्सांकन अध्यावधिक गरि पर्श्वचित्र तयार गर्ने/ | प्र.प्र.अ. | अध्यक्ष | प्र.प्र.अ. | आ.व. ०७७/०७८ | २०० | |
| | | ७.२. गाउँपालिका र वडा कार्यालय स्तापन कक्ष, महिला पुरुष शौचालय सहित सार्बजनिक संरचनाहरुमा नीतिगत ब्यबस्था गरी लैंगिक तथा अपाङ्ग मैत्री भौतिक पुर्बाधार तयार गर्ने/ | अध्यक्ष | गाउँसभा | प्र.प्र.अ. | आ.व. ०७७/०७८ | | नपर्ने |
| | | ७.३ लैंगिक हिंसा सम्बन्धि शुन्य सहनशिलाताको नीति तय गरि कार्यन्वयन गरि लैससास मैत्री आचरण, भाषा, ब्यबहार आदिको प्रयोग गर्ने/ | प्र.प्र.अ. | अध्यक्ष | प्र.प्र.अ. | आ.व. ०७७/०७८ | | नपर्ने |
| | | | | | | | | |
| | **८. सुशासन** | | | | | | | |
| | | ८.१. सार्बजनिक सुनुवाई गर्दा बहिर्गमन अभिमत र नागरिक प्रतिबेदन पत्र गरि संचालन गर्ने/ | प्र.प्र.अ. | अध्यक्ष | प्र.प्र.अ. | कार्तिक २०७७ भित्र | १०० | |
| | | ८.२. गाउँपालिकाले बनाएका ऐन, नियम, कार्यविधि आदिहरुलाई प्रकाशित गरि वडा कार्यालय लगायत सम्बन्धि सरोकारवालाहरुलाई समेत वितरण गर्ने/ | प्र.प्र.अ. | अध्यक्ष | प्र.प्र.अ. | कार्तिक २०७७ भित्र | २०० | |
| | | ८.३ सूचना, शिक्षा र संचारका सामग्री तयार गरि सबै समुहको पहुँच पुर्याउने गरि प्रबाह गर्ने/ | प्र.प्र.अ. | अध्यक्ष | प्र.प्र.अ. | कार्तिक २०७७ भित्र | १०० | |
| | | ८.४ सूचना अधिकारी तोक्ने/ | प्र.प्र.अ. | अध्यक्ष | प्र.प्र.अ. | बैशाख २०७७ भित्र | | नपर्ने |

## अनुसूची ४: लैंगिक समानता  तथा सामाजिक समाबेशीकरण परिक्षणका केहि झलकहरु









**अनुसूची ५: लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण कार्यशाला सहभागी**

किस्पाङ गाउँपालिका
लैंगिक समानता तथा सामाजिक समाबेशीकरण कार्यशाला
मिति : २०७६ फागुन ४ गते

| क्र.सं. | सहभागीको नाम | पद | ठेगाना | लिङ्ग | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री छत्र बहादुर लामा | अध्यक्ष | किस्पाङ गाउँपालिका | पुरुष | |
| २ | श्री  मायादेवी न्यौपाने | उपाध्यक्ष | किस्पाङ गाउँपालिका | महिला | |
| ३ | श्री हरी प्रसाद प्याकुरेल | प्रशासन शाखा प्रमुख | किस्पाङ गाउँपालिका | पुरुष | |
| ४ | श्री बुद्ध लामा | असिस्टेन्ट सब ईन्जिनीयर | किस्पाङ गाउँपालिका | पुरुष | |
| ५ | श्री मधु न्यौपाने | असिस्टेन्ट सब ईन्जिनीयर | किस्पाङ गाउँपालिका | पुरुष | |
| ६ | श्री राम बहादुर सापकोटा | वडा सचिव | वडा नं. ४ को कार्यालय | पुरुष | |
| ७ | श्री सुमन देवकोटा | लेखापाल | किस्पाङ गाउँपालिका | पुरुष | |
| ८ | श्री चक्र साउद | शिक्षा अधिकृत | किस्पाङ गाउँपालिका | पुरुष | |
| ९ | श्री सन्तोष श्रेष्ठ | ईन्जिनीयर, प्राबिधिक शाखा प्रमुख | किस्पाङ गाउँपालिका | पुरुष | |
| १० | श्री सम्झना अधिकारी | कानुनी सहजकर्ता | किस्पाङ गाउँपालिका | महिला | |
| ११ | श्री राम प्रसाद नेपाल | सब ईन्जिनीयर | किस्पाङ गाउँपालिका | पुरुष | |
| १२ | श्री करण मोक्तान | फिल्ड सहायक | किस्पाङ गाउँपालिका | पुरुष | |
| १३ | श्री निरनमान डंगोल | शिक्षा संयोजक | किस्पाङ गाउँपालिका | पुरुष | |
| १४ | श्री चक्र बहादुर शाही | स्वास्थ्य संयोजक | किस्पाङ गाउँपालिका | पुरुष | |
| १५ | श्री खुम बहादुर घर्ती | प्रमुख प्रशासकीय अधिकृत | किस्पाङ गाउँपालिका | पुरुष | |
| १६ | श्री किरण भट्टराई | आलेप सहायक | किस्पाङ गाउँपालिका | पुरुष | |
| १७ | श्री सबिना अर्याल | लेखा अधिकृत | किस्पाङ गाउँपालिका | महिला | |
| १८ | श्री बलराम रिमाल | लेखापाल | किस्पाङ गाउँपालिका | पुरुष | |
| १९ | श्री श्रीकृष्ण बजगाईं | पशु शाखा संयोजक | किस्पाङ गाउँपालिका | पुरुष | |
| २० | श्री शंकर वली | वडा सचिव | वडा नं. ५ को कार्यालय | पुरुष | |
| २१ | श्री निरक सुनार | योजना तथा सुशासन सल्लाहाकार | किस्पाङ गाउँपालिका | पुरुष | |
| २२ | श्री सुमना के.सी. | वडा सचिब | किस्पाङ गाउँपालिका | महिला | |
| २३ | श्री प्रमोद पोखरेल | पुर्णिमा ईन्जिनीयर | किस्पाङ गाउँपालिका | पुरुष | |

किस्पाङ गाउँपालिका
लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण कार्यशाला
मिति : २०७६ फागुन ५ गते

| क्र.सं. | सहभागीको नाम | पद | ठेगाना | लिङ्ग | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री छत्र बहादुर लामा | अध्यक्ष/कार्यदल सदस्य | किस्पाङ गाउँपालिका | पुरुष | |
| २ | श्री मायादेवी न्यौपाने | उपाध्यक्ष/कार्यदल सदस्य | किस्पाङ गाउँपालिका | महिला | |
| ३ | श्री खुम बहादुर घर्ती | प्रमुख प्रशासकीय अधिकृत /कार्यदल सदस्य | किस्पाङ गाउँपालिका | पुरुष | |
| ४ | श्री सुनिता परियार | कार्यपालिका सदस्य/कार्यदल सदस्य | किस्पाङ गाउँपालिका | महिला | |
| ५ | श्री सुमना के.सी . | वडा सचिब/कार्यदल सदस्य | वडा नं. २ को कार्यालय | महिला | |
| ६ | श्री चक्र साउद | शिक्षा अधिकृत | किस्पाङ गाउँपालिका | पुरुष | |
| ७ | श्री सन्तोष श्रेष्ठ | ईन्जिनीयर, प्राबिधिक शाखा प्रमुख | किस्पाङ गाउँपालिका | पुरुष | |
| ८ | श्री चक्र बहादुर शाही | स्वास्थ्य संयोजक | किस्पाङ गाउँपालिका | पुरुष | |
| ९ | श्री फुलमाया तामाङ | कार्यपालिका सदस्य/कार्यदल सदस्य | किस्पाङ गाउँपालिका | महिला | |
| १० | श्री निरक सुनार | योजना तथा सुशासन सल्लाहाकार/कार्यदल सदस्य | किस्पाङ गाउँपालिका | पुरुष | |
| ११ | श्री प्रमोद पोखरेल | पुर्णिमा ईन्जिनीयर | किस्पाङ गाउँपालिका | पुरुष | |